# सम्पादकीय

मिडियाका विविध पाटाहरूमाथि अनुसन्धान र बहस गर्न साझा चौतारी बनाउने उद्देश्यले सुरु गरिएको *मिडिया अध्ययन*को दोस्रो अङ्क तपाईंहरूसम्म आइपुगेको छ। समस्त पाठक र लेखकवर्गबाट प्राप्त सहयोग र हौसलाले हाम्रो उत्साहलाई अझ बढाइदिएको छ। पहिलो अङ्कको प्रकाशनपश्चात् हाम्रा समस्त पाठकहरूबाट प्राप्त सुझाव र सल्लाहलाई यस जर्नलको सफलताका लागि मार्गदर्शन ठानेका छौँ।

लेख रचनाका लागि हामीले गरेको आह्वानलाई स्वीकार्दै विभिन्न वर्ग र तप्काबाट उत्साहपूर्ण सहभागिता देखिएको छ। यसबाट यो जर्नल मिडिया अनुसन्धान र बहसको साझा थलो बनोस् भन्ने हाम्रो चाहना पूरा हुने सङ्केत मिलेको छ। साथै, मिडियामाथि अनुसन्धान गर्न प्राज्ञिक संरचनाको खोजी गर्नेका लागि हाम्रो यो प्रयासले उत्साह थपेको आभाष पनि हामीलाई भएको छ।

यसो भन्दैमा हामीले सबैखाले चुनौतीहरू पार गरिसक्यौँ वा अभावमुक्त छौँ भन्ने होइन। निश्चय नै प्राज्ञिक अनुसन्धानको जग राम्ररी तयार नभइसकेको परिस्थितिबीच हामी उभिएका छौँ। यस्तो स्थितिमा प्राज्ञिक हिसाबले खँदिला लेख रचनाहरू समावेश गरेर त्यसमाथि पनि एउटै क्षेत्रलाई केन्द्रित गरेर जर्नल प्रकाशन गर्नु र त्यसलाई निरन्तरता दिनु चुनौतीपूर्ण काम हो। यद्यपि यो अनपेक्षित पनि थिएन र हामी सामना गर्ने आँटका साथ होमिएका हौँ, समस्त पाठक र लेखक वर्गको साथ र सहयोगको आशा लिएर।

सुरुमा प्राप्त सबै लेख रचनाहरू प्रकाशन योग्य वा पर्याप्त हुन्छन् नै भन्ने ग्यारेन्टी हुँदैन । त्यसमा पुनर्लेखन र परिमार्जनको आवश्यकता पर्न सक्छ, परेको छ । लेखक र सम्पादकबीचको आपसी छलफल र समझदारीबाट थपघट र परिमार्जनसहित प्रकाशनयोग्य बनाउनु नियमित प्रक्रिया हो । यस क्रममा हामीले लेखकवर्गबाट सहृदयी सहयोग पाएका छौँ र प्रकाशन गर्न सकेका छौँ । आवश्यक पुनर्लेखन तथा परिमार्जनका लागि लेखक तयार नभएको कतिपय अवस्थामा त्यस्तो लेखलाई विनम्रतापूर्वक अस्वीकार गर्नु परेको पनि छ । समय र स्थान सीमाका कारण यस अङ्कका लागि प्राप्त कतिपय रचना पनि यसमा समावेश गर्न सकिएको छैन । ती आवश्यक परिमार्जनसहित आगामी अङ्कमा आउने छन् । यी दुवै परिस्थितिका लागि हामी क्षमा प्रार्थी छौँ ।

जर्नलमा धेरैभन्दा धेरै विषयगत विविधताका साथै सबै वर्ग र क्षेत्रलाई सकेसम्म समेट्ने हाम्रो चाहना र प्रयास हुँदाहुँदै सन्तोष मान्न सकिने ठाउँ छैन निश्चय पनि । नेपाली मिडिया क्षेत्रका विविध र नयाँ नयाँ मुद्दाहरूमाथि चल्ने तपाईंको कलमलाई हामी सदैव स्वागत गर्दछौँ । तपाईंको सहयोगले यो जर्नल आगामी अङ्कहरूमा बढीभन्दा बढी समावेशी र विविधतायुक्त बन्ने छ भन्ने हाम्रो विश्वास छ । यसमा प्रकाशित सामग्रीहरूमाथि टिप्पणी र प्रतिटिप्पणी गर्ने पाठकहरूको अधिकार सुरक्षित छ । त्यस्ता टिप्पणीमार्फत असावधानीवश हुन गएका गल्ती, कमजोरी औँल्याइदिने तथा प्रकाशित विभिन्न विषय र मुद्दाहरूबारे आफ्नो असहमति भए प्रकट गर्ने तथा थप प्रस्ट पार्ने काम पाठकहरूबाट हुनेछ भन्ने हामीले आशा लिएका छौँ । यसले जर्नलको गुणस्तर अभिवृद्धिमा उत्प्रेरकको काम गर्दछ भन्ने हाम्रो विश्वास छ ।

हामीलाई जर्नल प्रकाशनको क्रममा लेखक र पाठकबाहेक अरू पनि विभिन्न व्यक्ति र संस्थाको सहयोग रहेको छ । शरच्चन्द्र वस्तीले हाम्रो अनुरोधलाई स्वीकार गरी जर्नलका अधिकांश सामग्रीहरू पाण्डुलिपि सम्पादन गरिदिनु भएको हो । रमा पराजुली र भास्कर गौतमले केही लेखकका ड्राफ्ट पढेर परिमार्जनका लागि आफ्ना सुझाव दिनु भएको थियो । कैलाश राईले टाइप सेटिङ र किशोर प्रधानले ले-आउट तथा कभर डिजाइन गरी सहयोग पुऱ्याउनु भएको छ । जर्नल प्रकाशनका लागि आर्थिक सहयोग डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) को मानव अधिकार र असल शासन सल्लाह एकाई (DanidaHUGOU) बाट प्राप्त भएको हो । सहयोग गर्ने सबैप्रति हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

यसै अङ्कदेखि जर्नलको सम्पादकीय समूहबाट हाम्रा सहकर्मी कृष्ण अधिकारीले विविध कारणवश विदा लिनुभएको छ । हालसम्म उहाँबाट प्राप्त सहयोगका लागि आभार व्यक्त गर्दछौँ ।